# स्वर्गद्वारी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

भिंग्री प्यूठान

लुम्बिनी प्रदेश नेपाल

स्थाः २०७३

मिति २०८१/०३/१० गते श्री टेक प्रसाद भण्डारी ज्यूबाट पेश गर्नुभएको स्वर्गद्वारी नगरपालिकाको १५औं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८१ /८०८२ को नीति तथा कार्यक्रम

**यस गरिमामय १५ औं नगरसभाको अध्यक्षज्यू, सचिवज्यू, नगरसभाका सदस्यज्यूहरू, अतिथिज्यूहरू, नगरपालिका कार्यालयका सम्पूर्ण शाखा प्रमुख एवं राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षा निकायका प्रमुखहरू तथा प्रतिनिधिज्यूहरू र पत्रकार साथीहरू**

स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत हुँदै गर्दा यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र सम्मको राजनीतिक यात्राको आन्दोलनमा राष्ट्र र जनताको हितको लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण विर शहिदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाईते योद्धाहरु र बेपत्ता नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु। संबिधान सभाको माध्यमबाट नेपाली जनताको आवाज मुखरित गर्दै नेपालको संबिधान २०७२ प्राप्त भएको र स्थानिय तहमा पनि निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउनु यो अवसरका लागि नेपाली समाज रूपान्तरणमा महत्वपूर्ण भुमिका खेल्नुहुने सम्पूर्ण अग्रज राजनीतिक योद्धाहरुले गर्नुभएको कार्यको उच्च मूल्यांकन र सम्झना गर्दछु।

मुलुक अहिले संघीय संरचना अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय तहको संरचनामा उभिएको अवस्था र नेपाली जनताद्वारा लेखिएको नेपालको संविधानले स्पष्ट गरेको र संविधानले नै स्थानीय सरकारको परिकल्पना गरी सोको अधिकारको सूची तय गरिसकेको छ। संघीय संरचना र स्थानीय तहको कार्यान्वयन सँगै हाम्रा क्रियाकलाप पनि सोही बमोजिम सञ्चालन गरिनुपर्ने व्यहोरा सर्वविदितै छ। स्थानीय तहलाई प्राप्त कार्य बिस्तृतिकरणमा भएका व्यबस्था अनुरुप यस नगरपालिकाको नगरसभाको १५ औं अधिवेशन समक्ष चालु आब २०८०/८१ का लागि तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरूको हालसम्मको प्रगति प्रतिवेदन सहित आगामी आब २०८१/८२ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न पाउँदा म लगायत सिंगो स्वर्गद्वारी नगरपालिका परिवारलाई गौरव महसुस भइरहेको छ ।

नेपालको संविधानको अनुसूची - ८ मा उल्लेखित स्थानीय तहको अधिकार क्षेत्र र अनुसूची - ९ बमोजिमको साझा अधिकारलाई आत्मसात गर्दै नगरपालिकाको योजना तथा कार्यक्रमलाई अगाडि बढाउन उच्च नैतिकताको धरातलमा सकारात्मक सोच र तत्परताका साथ प्राप्त स्रोत र साधनलाई अधिकतम उपयोग गर्दै जनताका आवश्यकताहरु परिपूर्ति गरी सवल स्वर्गद्वारी नगरपालिका निर्माणमा सङ्कल्पित छौं। जनताको सबैभन्दा नजिक रहेर कार्यसम्पादन गर्ने निकाय तथा सरकारको रूपमा स्थानीय तहहरू रहेको हुँदा यस पालिकाप्रति जनताका धेरै अपेक्षा छन र उपलब्ध स्रोत साधनको सीमा, त्यसको वितरण र पुनः वितरण समावेशी विकास र जनताको अधिकतम हितलाई सम्बोधन गर्दै स्थानीय तहमा लोकतान्त्रिक अभ्यासको सुदृढीकरण गर्नु स्थानीय स्तरमा रोजगारीका अवसरहरुमा वृद्धि गरी युवा जनशक्तिलाई स्वरोजगार तर्फ उन्मुख गराउनु बिकासका पुर्वाधारहरुको स्थापना गर्नु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिकरण तथा आधुनिकिकरण गर्नु उपलब्ध स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा प्रभावित गर्नु, समाजमा रहेका कुसंसकार कुरितिलाई कम गर्नु, स्थानीय स्तरमा सुशासन प्रवर्धन गर्नु जस्ता विषयहरु हाम्रा आजका चुनौती रहेका छन् भने व्यापक जनसहभागिता स्थानीय तहप्रति नगरवासीहरूको ऐक्यवद्धता, उत्साह, चिन्ता र चासो स्थानीय स्तरमा

राजनीतिक सहभागिता सहकार्य, राजनीतिक दलहरूको  समझदारी तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको सहयोग समन्वय र सहकार्य हाम्रा लागि अवसरहरू रहेका छन्। तसर्थ, अवसरहरूको उपयोगमार्फत चुनौतीहरूको सामना गर्ने दिशामा हाम्रो ध्यान जान जरुरी छ। र त्यसका लागि नगरपालिकाले आगामी दिनहरूमा समेत यस्ता अवसरहरूको निरन्तरताको अपेक्षा गरेको छ।

नीतिगत निर्णय र विकास निर्माणको सन्दर्भमा कठिन चुनौतीहरू सहज रुपमा व्यवस्थापन गर्न सबै क्षेत्रबाट प्राप्त भएको सहयोग सहकार्य एवं समन्वय यस सर्वगद्वारी नगरपालिकाको समृद्धि र विकासको लागि अपरिहार्य भएको व्यहोरा यस सम्मानित सभा समक्ष सगर्व स्मरण गराउन चाहन्छु।

नगर क्षेत्रको रुपमा यस स्वर्गद्वारी नगरपालिकामा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू तथा धार्मिक क्षेत्र श्री सर्वगद्वारी आश्रम रहेका छन । आर्थिक सामाजिक तथा पर्यटकीय विकासका प्रचुर सम्भावनाहरू बोकेको यो नगर तथा आसपासका क्षेत्रहरूमा बढ्दै गइरहेको बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य संचार जस्ता सहरी सुविधाहरूको मागमा बढोत्तरी हुँदै गएको छ भने अर्कोतिर अत्यावश्यक र आधारभूत सहरी सेवाहरु सरसफाई व्यवस्थापन, सडकबत्ती, आर सी सी ढलान, पक्कीनाला सहितको बाटो निर्माण, कालोपत्रे आदिको केही अत्यावश्यक स्थानहरूमा सुविधा उपलब्ध गराइएको छ । नगरपालिकाको तीव्र विकासको लागि नीतिगत सुधार सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरूको पहिचान र सहकार्यका माध्यमबाट दीर्घकालीन सोचका साथ हाम्रा योजना तथा कार्यक्रमहरू परिलक्षित हुनुपर्ने समय आइसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु। जनताले आफ्नो आवश्यकतालाई सम्बोधन गर्न योजनाहरू सहभागितात्मक योजना तर्जुमाका माध्यमबाट आफ्नै सहभागितामा छनौट गरी कार्यपालिकामा गहन छलफल गरी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरु पार गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नगर विकास योजनाको प्रस्तावित नीति तथा कार्यक्रम विवरणसहित आज हामी यहाँहरु सामु उपस्थित भएका छौं ।

नगरपालिकाको मध्यभागमा भालुवाङ रोल्पा सडक रहेको, जल सम्पदाको रुपमा  माण्डवी नदी रहेको, पर्यटन कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको स्वर्गद्वारी आश्रम धार्मिक सांस्कृतिक पहिचान बोकेको प्राकृतिक स्रोत र साधनको प्रचुरता भएको एवं कृषि उत्पादनको बजारीकरण गर्न सकिने आधार भएको, भौगोलिक बिबिधता तथा जैबिक बिबिधताले प्रदान गर्ने अवसरहरु प्रयास रहेको, विकासका लागि पर्याप्त सम्भावना भएको नगरको रुपमा रहेको छ । विकासका विगतका नीति योजना तथा कार्यक्रमहरूको कार्यान्वयनबाट आर्थिक सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलब्धिहरु भएका छन् त्यस्ता उपलब्धिहरुलाई दिगो र संस्थागत गरी दीर्घकालीन सोचका साथ योजना तथा कार्यक्रम बनाउन आवश्यक देखिन्छ । योजना तथा कार्यक्रममा स्वामित्व बोध नहुनु,  वर्षैपिच्छे योजना कार्यक्रमहरूको प्राथमिकताक्रम बदल्ने दिगो विकासप्रति उदासीनता, गैर

योजनामा नयाँ ट्र्याक खोल्ने प्रवृत्ति, युवा श्रमशक्तिको विदेश पलाएन, कृषिलाई व्यावसायकरण नगरिनु, घरेलु तथा साना उद्योग ओझेलमा पर्नु, कृषि पेशालाई गर्वित पेशाको रुपमा स्वीकार नगरिनु, उत्पादनमूलक भूमिको खण्डीकरण गर्नु वैज्ञानिक ढंगले उपयोग गर्न नसक्नु, सडक गुरुयोजना नबन्नु, प्राकृतिक स्रोत साधनको वैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, पर्याप्त बजेटलाई ठूला आयोजना निर्माणमा लगानी हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरू हाम्रो सामु विद्यमान छन ।

विकास र सेवा प्रवाहलाई निष्पक्ष र पारदर्शी तवरबाट नागरिक सामु पुऱ्याई स्थानीय सुशासनको प्रत्याभूति गराउनु नगरपालिकाको महत्वपूर्ण भूमिका हुन्छ। नयाँ परिपेक्षमा नागरिकका चाहनाहरुलाई परिपूर्ति गर्दै विकास निर्माणमा हामी सबैको जोड रहनेछ । हामी सबैले चाहेको समुन्नत स्वर्गद्वारी नगर निर्माण गर्नका लागि नगरपालिकाले निम्नानुसारका दीर्घकालीन नीति र योजनाका साथ अगाडी बढ्ने लक्ष्य लिएको सम्मानित नगरसभा समक्ष राख्न चाहन्छु ।

सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ ।
चालु आ.व. मा यस स्वर्गद्वारी नगरपालिका निर्माणका लागि दिगो बिकास लक्षमा आधारित रहि पालिकाका गौरबका आयोजना पहिचान गर्दै बस्तुगत आवस्यकतामा आधारित भइ संघीय सरकार र प्रदेश सरकारका मार्गदर्शनमा रहि आबधिक योजनामा "**समृद्ध स्वर्गद्वारी , कृषि पर्यटन र रोजगारी**" भन्ने दिर्घकालिन सोंच तय गरि यसैका आधारमा हाम्रा उद्देश्य, लक्ष अनुरुप त्रिबर्षिय खर्च संरचनामा आधारित भई निति तथा कार्यक्रम ल्याइएको छ ।

जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरूको क्षमता विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । कृषि तथा पशु पर्यटन, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरूपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरूका लागि ध्यान दिंदै नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा व्यवसायमा आबद्ध महानुभावहरूको सहयोग र सहकार्यको अपेक्षा गरेको छु । यसै सन्दर्भमा हाम्रो नगरपालिकाले आगामी दिनमा अख्तियार गर्ने विभिन्न विषयगत क्षेत्रका क्षेत्रगत नीतिहरु यस प्रकार रहेका छन ।

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

चालु आ.व २०८०/०८१ को हालसम्मको प्रगति विवरण संक्षिप्तमा यस गरिमामय नगरसभामा प्रस्तुत गर्न चाहन्छु।

१.१३ औं नगरसभाबाट विनियोजित रकम रु ७२ करोड ७४ लाख ३४ हजार ४१४ र चालु आ.व. मा संघ, प्रदेशबाट थप अनुदान, अल्याह र अन्तरसरकारी अख्तियारी समेत गरि जम्मा रकम रु ८१ करोड ४४ लाख २९ हजार ६२५ बिनियोजन भएकोमा हाल सम्म ६० करोड २१ लाख ४८ हजार ८१८ भुक्तानी भई सकेको छ जुन कुल बजेटको ७३.९३ प्रतिशत हुन पुगेको छ जस मध्ये ६४.६३ प्रतिशत पुँजीगत र ७७.७३ प्रतिशत चालु रकम खर्च भएको देखिन्छ ।

२.चालु आ.व. मा नगरपालिकालाई संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकम रु १० करोड २३ लाख मध्य २६ प्रतिशत अर्थात रकम रु २ करोड ६५ लाख ९८ हजार निकासा प्राप्त हुने सुनिश्चितता छैन । त्यसै गरि राजस्व बाडफाडबाट प्राप्त हुने रकम रु १२ करोड २६ लाख १४ हजार ५१४ मध्ये रकम रु ९ करोड ३५ लाख ९४ हजार ९४५ प्राप्त भई सकेको छ र थप रकम रु २ करोड ९० लाख १९ हजार ५६९ निकासा प्राप्त हुने सुनिश्चितता छैन ।

३.आन्तरिक आय २ करोड २० लाख अनुमान गरिएकोमा हालसम्म १ करोड ९७ लाख २७ हजार ८१५ रूपैयाँ सङ्कलन भएको छ। त्यो कुल अनुमानको ८९.६७% हुन आउँछ । कार्यालयको मुख्य आन्तरिक श्रोत दहत्तर बहत्तर रहेकोमा जसबाट यस बर्ष रु ५५ लाख १ हजार उठेकोमा प्रदेश सरकारलाइ पठाउनु पर्ने रु २० लाख रहेको छ । एकिकृत सम्पती करको जम्मा रकम रु ४४ लाख ६० हजार रहेको छ ।

४.सामाजिक सुरक्षातर्फ तेस्रो त्रैमासिक सम्म रु १२ करोड ५२ लाख ९० हजार ४९२ रुपैया रकम भुक्तानी भइसकेको छ । जसबाट ३६३४ जना लाभग्राही लाभान्वित भएका छन ।

५.घटना दर्तातर्फ हालसम्म तपसिल बमोजिम प्रगति प्रतिवेदन प्राप्त हुन आएको छ।

क. जन्मदर्ताः महिला ४८८ जना र पुरुष ५५१ जना गरि जम्मा १०३९ जन्म दर्ता भएका छन ।

ख. मृत्युदर्ता महिला १३२ जना र पुरुष १८१ जना गरि जम्मा ३१३ मृत्यु दर्ता भएका छन ।

ग. बसाईसराई गरिजाने २९४ जना र बसाईसराई गरि आउने ६० जना रहेका छन ।

घ. विवाह दर्ता तर्फ चालु आ.व मा ४५४ जोडीको बिवाह दर्ता भएको छ ।

ङ. सम्बन्धविच्छेद तर्फ चालु आ.व मा ३४ जोडीको सम्बन्धविच्छेद भएको छ ।

च. कुल जम्मा घटना दर्ता सङ्ख्या १९३० रहेको छ ।

६.पूर्वाधार शाखा अन्तर्गत चालु आ.बमा नगरपालिका भित्र कालोपत्रे सडक ६८० मिटर, ढलान सडक २४५ मिटर, ग्राभेल सडक ६०० मिटर सडक आयोजनाहरूको काम गरेको छ भने ६० घरपरिवारलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याइएको छ र २३०० मिटर पक्की सिचाई कुलोको व्यवस्था गरिएको छ । ३ वटा विद्यालय भवन निर्माण गरिएको छ । ३ वटा टहरा निर्माण गरिएको छ । झोलुङ्गे पुल १ वटा निर्माण सम्पन्न भएको छ

। चमेना गृह १ र १ कभर्ड हल निर्माण सम्पन्न भएका छन । १५ शैया को नगर अस्पतालको काम सुरुवात हुने चरणमा रहेको ।

७.कृषि विकास शाखा अन्तर्गत चालु जम्मा कार्यक्रम ११ वटा कार्यक्रम संचालनमा रहेकोमा ८ वटा कार्यक्रम सम्पन्न भएको छ भने ३ वटा कार्यक्रम बजेट अभावका कारण बाँकी रहेको छ । कृषि विकास शाखा तर्फ ७३% योजना तथा कार्यक्रमहरू सञ्चालन भई सम्पन्न भएका छन् ।

८. पशुसेवा शाखा अन्तर्गत चालु आवमा जम्मा कार्यक्रम १४ वटा कार्यक्रम संचालनमा रहेकोमा १३ वटा कार्यक्रम सम्पन्न भएको छ भने र १ वटा बजेट अभावका कारण बाकि रहेको छ जसमध्ये पशुसेवा शाखाको ६६.६७% बित्तिय प्रगति रहेको छ ।

९.लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सबै योजना तथा कार्यक्रम सम्पन्न भएका छन जस अन्तर्गत ३० जना नया नघु उद्यमी तयार भएका छन भने २० जना पुराना नघु उद्यमीलाइ स्तरोन्ती गारिएको छ ।

१०. आयुर्वेद सेवा शाखा अन्तर्गत चालु आबमा नगरपालिकाबाट ५ लाख रकम विनियोजन गरिएकोमा ९५% योजना तथा कार्यक्रमहरू सञ्चालन भई सम्पन्न भएका छन भने अरु बाँकी ५% नगरपालिकामा बजेट अभावका कारण सञ्चालन हुन सकेका छैनन ।

११. बालबालिका तथा जेष्ठ नागरिक विकास शाखा अन्तर्गत चालु आबमा शसर्त बाहेक २५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको मध्ये १९ वटा कार्यक्रम र १६ वटा योजना तथा कार्यक्रम सम्पन्न भएका छन भने नगरपालिकामा बजेट अभावका कारण ३ वटा सञ्चालन हुन सकेका छैनन । अपांगता परिचयपत्र ४९ जनाले प्राप्त गरेका छन । बालबालिका तथा जेष्ठ नागरिक विकास शाखाको कुल प्रगति ८९.४३ % रहेको छ ।

१२.स्वास्थ्य शाखा अन्तर्गत चालु आबमा नगरपालिकाबाट १ करोड १७ लाख ६३ हजार ४०० बजेट विनियोजन गरिएको मध्ये कुल १४ वटा कार्यक्रम संचालनमा रहेकोमा १ वटा कार्यक्रम बाँकी रहेको छ । स्वास्थ्य शाखा अन्तर्गत ९५% कार्यक्रमहरू सञ्चालन पश्चात सम्पन्न गरिएका छन् । यस अन्तरगत स्वास्थ्य संस्था दर्ता नबिकरण निर्देशिका तयार गरि लागु गरिएको छ ।

१३.प्राथमिक स्वास्थ्य केन्द्र भिंग्रीबाट चालु आ.वमा ओ.पी.डी सेवा २० हजार २ सय ८९ जना, डेलिभरी सेवा १५९ जना, आकस्मिक सेवा ८८२, स्वास्थ्य बिमा सेवा १६ हजार ५ सय ५७ जना, ल्याब सेवा ११ हजार ३ सय ६३ जना, भिडियो एक्स-रे सेवा १००० जना र पोष्ट माटम सेवा ३७ जनालाई उपलब्ध गराइएको छ ।

१४.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आवमा जम्मा १७ वटा आयोजनाहरूमध्ये सबै योजना तथा कार्यक्रमहरू सम्पन्न भइसकेका छन् । जसबाट यस नगरपालिकाका ६७ जना व्यक्तिहरूले १०० दिनको न्युनतम रोजगारी प्राप्त गरेका छन भने आगामी आर्थिक वर्षमा ५९६ बेरोजगार व्यक्तिहरु सुचिकृत भएका छन् र चालु आर्थिक वर्षमा यस

नगरपालिकाको रोजगार रणनीति निर्माण गर्ने कार्य सम्पन्न भएको छ । रोजगार संबाद संचालन कार्यबिधि निर्माण भई रोजगार संबाद मंच समिति समेत गठन भई कृयाशिल रहेको छ । चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत पक्कि बाटो ३१६ मिटर निर्माण गरिएको छ भने कच्ची गोरेटो बाटो ९ हजार ८ सय मिटर निर्माण गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमहरू सबै सञ्चालन गरी सम्पन्न भई भुक्तानि प्रकृयामा छन्। सोको हाल ९५% प्रगति रहेको छ।

१५. बहुक्षेत्रिय पोषण कार्यक्रममा प्रस्ताबित रु १० लाख रकम बजेट निकासा नआएकोले यस बर्ष बिगतका कार्यहरुको दिगोपनमा ध्यान दिइएको छ ।

१६.न्यायीक समितिमा बिनियोजित रकम रु १५ लाख रहेकोमा ८५% बित्तिय प्रगति भएको छ । वडास्तरमा मेलमिलाप केन्द्र स्थापना भइ संचालनमा रहेका छन ।

१७.शिक्षा युवा खेलकुद शाखा अन्तर्गत चालु आ व मा २ करोड ४५ लाख रकम विनियोजन गरिएकोमा जम्मा कार्यक्रम १७ वटा रहेकोमा सम्पुर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् । यस शाखा अन्तर्गत यस बर्ष स्थानिय पाठ्यक्रम निर्माण भएको छ । बिद्यालयको नक्साङ्कन तथा भौतिक सर्भेक्षण जस्ता महत्वपूर्ण कार्य सम्पादन भएका छन ।

**अब म पालिकाले लिएका मुख्य मुख्य नितिहरु सभा समक्ष राख्न चाहान्छु ।**

## आर्थिक विकास क्षेत्र

१.कृषिमा विविधिकरण एवं व्यवसायीकरणमा जोड दिइनेछ।

२.भौगोलिक सम्भाब्यता र निर्मित पूर्वाधारहरूलाई मध्यनजर गरी तुलनात्मक लाभप्रद बाली उत्पादनमा जोड दिइनेछ।

३.बढ्दो खाद्यान्न आयातलाई मध्यनजर गरी सिञ्चित एवं अन्य क्षेत्रमा बाली सघनतामा जोड दिइनेछ।

४.नगरपालिका भित्र रहेका कृषिसँग सम्बद्ध निकायहरुसँग समन्वयात्मक रुपमा कृषि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.स्वर्गद्वारी नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउन तरकारी खेती उपक्षेत्रगत योजनाको कार्य कार्यान्वयन गर्न उपक्षेत्रगत योजना अनुसार कार्यक्रम सञ्चालन गरिनेछ।

६.उच्च मूल्य बालीका कृषि उपजहरूको उत्पादन तथा बजार प्रवर्धन कार्यक्रममा जोड दिइनेछ।

७.कृषि विकासको मूल प्रवाहमा महिला दलित तथा विपन्न वर्गको पहुँच बढाइनेछ।

८.नगरभित्रका एक वडा एक उत्पादन कार्यक्रम सञ्चालनमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

९.युवा जनशक्तिलाई व्यावसायिक कृषि तथा पशुपालनमा आकर्षण गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१०.नगर क्षेत्रभित्र रहेका सहकारीहरूको क्षमता विकास गरी उद्देश्यअनुरूप सञ्चालनमा जोड दिइनेछ।

११.सहकारी बैंक तथा वित्त क्षेत्र मार्फत लगानी हुने कृषि कर्जालाई सरल रुपमा कृषक माझ पुर्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२.सहकारिहरुको क्षमता अभिबृदि गर्न कोपोमिस तालिमका लागि बजेट सुनिश्चत गरिने छ ।

१३.कृषि उपज तथा पशुपंक्षीहरूमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न तथा कृषकहरूको लगानीलाई सुनिश्चित गर्न कृषि तथा पशुबिमा कार्यक्रमहरू सम्बन्धित निकायहरूसँग समन्वय गरी सञ्चालन गरिनुका साथै बीमा लाग्ने प्रिमियम शुल्कमा नेपाल सरकारले ८०% छुट गरी लागेको रकममा यस नगरपालिकाबाट ५०% थप अनुदानको व्यवस्था गरिनेछ।

१४.उन्नत जातका बिउ र बिरुवाहरू वितरण गरी कृषि उत्पादनलाई दोब्बर बनाउने रणनीति अख्तियार गरिनेछ।

१५.कृषि उत्पादन तथा उत्पादकत्वमा परिणात्मक एवं गुणात्मक वृद्धिका लागि सक्षम बनाउन पहल गरिनेछ।

१६.बेरोजगारीलाई लक्षित गर्दै विविध क्षेत्रमा स्वरोजगारका अवसरहरू सिर्जना गर्नका लागि स्वरोजगारमूलक तालिम सञ्चालन गरिनेछ।

१७.बेरोजगार युवालाइ न्यूनतम रोजगारी प्रदान गर्न उत्पादनशील रोजगारिमा लगानी गरिने छ ।

१८.रोजगार रणनिति तयार भई आगामी बर्ष देखि कार्यान्वयनमा लगिने छ ।

१९.सुचिकृत बेरोजगार माग गरि सबै भन्दा धेरै जनालाई न्युनतम रोजगारी प्रदान गर्ने व्यक्ति, फर्म, संघ संस्थाहरुलाई पुरस्कृत गरिने छ ।

२०.पछाडि परेका महिला दिदीबहिनीहरूका लागि उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल तथा सक्षम बनाइनेछ।

२१.सामाजिक शैक्षिक तथा सांस्कृतिक सशक्तिकरण गर्दै नगरको आर्थिक तथा समग्र विकासमा महिला दिदीबहिनीहरुको सहभागिता गराउन प्रोत्साहन गरिनेछ ।

२२.कृषि उपजलाई व्यवस्थित गर्न जलुके बजारमा हाटबजार स्थापना गरि कृषिजन्य थोक तथा खुद्रा बजार फलफुल व्यवसायलाई व्यवस्थित गर्नुका साथै ग्रामीण वडाहरुमा संकलन केन्द्र एवं बजार केन्द्र सञ्चालनको लागि प्रयास गरिनेछ ।

२३.कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वलाई बढाउन नमुना कृषक समूह व्यावसायिक कृषक तयार गरी कार्यक्रमहरू अगाडि बढाइनेछ।

२४.कृषकहरूको व्यावसायिक सुरक्षाको लागि कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोकी घाटामूल्य नगरपालिकाले प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।

२५.पशुपालन गर्न व्यावसायिक भैंसी पालनका लागि प्रदेश सरकार सग समन्वय गरिने छ ।
२६.बाख्रापालनबाट मासुमा आत्मनिर्भर पालिका घोषणाका लागि तथ्याङ्क सङ्कलन र आवश्यक अध्ययन गरिनेछ।
२७.बढ्दो दूध तथा मासुजन्य उत्पादनहरूको मागलाई सहज आपूर्तिको वातावरण बनाउन नगर क्षेत्रभित्र पशुपालन तथा बङ्गुर, बाख्रा तथा कुखुरा पालन व्यवसायलाई प्रोत्साहन गरिने छ ।
२८.दुध तथा दुग्धजन्य पदार्थको उत्पादन बढाउनका लागि कृत्रिम गर्भाधान लगायतका उन्नत नष्ल सुधारका कार्यक्रमहरू सञ्चालन गरिनुका साथै निःशुल्क कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
२९.अण्डामा आत्मनिर्भर बनाउन लेस कुखुरापालन व्यवसायलाई विशेष प्रोत्साहन गरिनेछ।
३०.पशुपंक्षी लगायतका खाद्यवस्तुहरूको आयात प्रतिस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
३१.डाले घाँस तथा भुई घाँसहरूको बिउभिजन पर्याप्त रुपमा वितरण गरी पशुपालनलाई सहज बनाइनेछ।
३२.प्राकृतिक ऐतिहासिक क्षेत्रको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्दै आर्थिक विकासका लागि जोड दिइनेछ।
३३.नगर क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनहरूको वातावरणीय प्रभाव परीक्षण आइ.इ.इ गरी नदी तथा नदीजन्य पदार्थको उत्पादन तथा व्यवस्थापन गरिनेछ।
३४.नगरपालिकाभित्र रहेका ऐलानी, प्रति र सार्वजनिक जग्गाहरूमा मझौला तथा ठूला उद्योगहरूको स्थापनार्थ सो क्षेत्रमा सम्भावना तथा फिजिबिलिटी स्टडीको कार्यलाई अगाडि बढाउन संघीय सरकारसँग समन्वय गरिनेछ।
३५.जग्गा प्लटिङ कार्यलाई निरुत्साहित गर्दै खेतीयोग्य जग्गा बाँझो राख्ने कार्यलाई रोक्न आवश्यक कानुनहरू निर्माण गरिनेछ।
३६.नगर क्षेत्रभित्र सहकारी खेती प्रणालीलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
३७.नगरपालिकाभित्रका पशुपंछीपालक कृषकहरूको पशुपंक्षी रोग निदान तथा उपचार सेवामा सबल र विशिष्टकृत गर्न पशु सेवा शाखाको भेटनरी ल्याबलाई स्तरोन्नति गर्दै लगिनेछ।
३८.नगर क्षेत्रभित्र रहेका सम्पूर्ण उद्योगी व्यापारीहरुलाई करको दायरामा ल्याई बजार प्रबधनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
३९.उपभोक्ताहरूलाई आवश्यक पर्ने गुणस्तरीय उपभोगका सामग्रीहरू सर्वसुलभ मूल्यमा उपलब्ध गराउन बजार अनुगमन तथा गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ।
४०.नगरपालिका क्षेत्रभित्र लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
४१.नगरपालिका क्षेत्रभित्र बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
४२.नेपाल बैंक संगको सहकार्यमा सहुलियत कर्जालाई थप व्यवस्थित गर्दै लगिनेछ।

४३.संघ र प्रदेशको म्याचिङ फण्डतर्फ विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

४४.लोकल मदिरालाई ब्रान्डिङ गर्नका लागि आवश्यक अध्ययनको कार्य अगाडि बढाइनेछ।

४५.स्थानीय आर्थिक विकासलाई गति प्रदान गर्न स्थानीय उपजहरू अदुवा बेसार टिम्बुर मह तेजपात आदि उपजहरूको उत्पादनमा वृद्धि गरी कोसेली घर मार्फत बिक्री गरिनेछ।

४६.स्थानीय उत्पादनहरुलाई प्रवर्धन गर्ने उत्पादनमा आधारित अनुदान दिने व्यवस्था गरिनेछ।

४७.बिपन्न महिलाहरुलाई आयआर्जनमा जोड्न स्वर्गद्वारी मन्दिरलाई मध्यनजर गर्दै फुलखेती कार्यक्रम सचालन गरिने छ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम

४८. सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माणसँगै सामाजिक सुरक्षाको प्रत्याभूति गराइनेछ।

४९. नगरपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम जारी गरी सञ्चालन गरिनेछ।

५०. नगरपालिका अन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरूलाई स्वरोजगार बनाउन तथा शिपयुक्त बनाउन सीपमूलक तालिम दिई सोही प्रकारका काममा खटाइने व्यवस्था गरिनेछ।

५१. नगरपालिकाको बेरोजगार व्यक्तिहरूको पहिचान र वैदेशिक रोजगारीमा संलग्न सीपयुक्त जनशक्तिलाई पालिकामै रोजगारी प्रदान गर्न पालिकाको पञ्चवर्षीय रोजगार रणनीति तयार गर्ने कार्यलाई पूर्णता दिइ सञ्चालनमा ल्याइने छ ।

५२. श्रमिकलाई मर्यादित बनाउन र यसपालिकाका श्रमिकहरूलाई मौसमी कामदारका रूपमा पठाउन विभिन्न वैदेशिक सहरहरूसँग भगिनी सम्बन्ध कायम गर्न प्रयास गरिनेछ।

५३. नगरस्तरमा प्राप्त रहेका रोजगारका अवसरहरू पहिचान गरी स्थानीय बेरोजगार व्यक्तिहरूलाई रोजगार प्रदान गर्न नगरस्तरीय रोजगार संवाद मञ्च गठन भई क्रियाशील रहेको छ भने पुनः श्रम स्वीकृतिका आवेदकहरूलाई सरल सुलभ तथा व्यवस्थित सहजीकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुदृढीकरण गर्नुका साथै वैदेशिक रोजगारका अवसरहरु प्राप्त गर्न सहजीकरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५४. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गर्ने गरी उत्पादनमा आधारित स्थानीय रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

## संस्कृति सम्पदा ललितकलाप पर्यटन

५५. पर्यटकिय र धार्मिक क्षेत्रलाई व्यापक प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिनेछ।

५६. नगरक्षेत्रमा पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ।

५७. पर्यटन व्यवसायलाई व्यवस्थित र व्यावसायिक बनाउन स्वर्गद्वारी केवलकार सञ्चालनको लागि विभिन्न पर्यटन व्यवसायी एवं निजी क्षेत्रको लगानीमैत्री वातावरण तयार गरिनेछ।

५८. ग्रामीण क्षेत्रमा थप होमस्टे सञ्चालन गर्न विशेष प्रोत्साहन गरिनेछ।

५९.पर्यटन पूर्वाधार विकासमा जोड दिई माण्डवी नदीमा न्याफ्टिङ सञ्चालनको लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा विभिन्न पर्यटन व्यवसायहरूसँगको समन्वय कार्य अगाडि बढाइनेछ।

६० धनवाङ र डाडाखर्कमा सञ्चालनमा रहेका होमस्टेलाई पर्यटकीय रुपमा थप प्रवर्धन गरिनेछ भने पालिकाको अन्य स्थानहरूमा पनि होमस्टे स्थापना गर्दै लगिनेछ ।

६१. दहचौरको शान्ति पार्क, जिमरुपाटाको सूचना प्रविधियुक्त पार्क, सारीको सामुदायिक भवन र भूबनौट, स्वर्गद्वारी न.पा २ को कालिका पार्क र भिङ्ग्रीको चिल्ड्रेनपार्कलाई पर्यटकीय रुपमा प्रवर्धन गरिदै लगिने छ ।

६२. स्वर्गद्वारी मन्दिरमा थप पुर्बाधारको कार्य गरिने छ ।

## सामाजिक विकास क्षेत्र

१. स्वर्गद्वारी नगरपालिकालाई आगामी पाँच वर्षभित्रमा निःशुल्क शिक्षा नगरपालिका घोषणा गर्ने गरी चालु आवमा आधारभूत विद्यालयलाई निःशुल्क शिक्षालाई निरन्तरता दिइने छ ।

२. बालबालिकाको समग्र विकासको लागि शिक्षामा एक वडा एक स्मार्ट टिभीको नीतिलाई निरन्तरता दिइएको छ ।

३. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न प्रत्येक वडाबाट माध्यमिक तहका विद्यालयका प्र.अ सँग निश्चित मापदण्ड र सूचक बनाई कार्य सम्पादन सम्झौता गरिनेछ ।

४. विद्यालयहरूलाई प्रबिधिमैत्री बनाउन समयको मागलाई मध्यनजर गर्दै डिजिटल बिद्यालयको अवधारणा अगाडी बढाइने छ।

५. सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी लगायतको सुपरिवेक्षण एव प्रणालीलाई नियमित व्यवस्थित र परिणाममुखी बनाइने छ । अनुगमनको प्रतिबेदनको आधारमा शिक्षकलाइ पुरुस्कार र दण्डको व्यवस्था गरिने छ ।

६. निम्न प्रतिफल भएका बिद्यालयहरुमा सीकाई सहजीकरण तथा सुक्ष्म अनुगमन गर्न बिज्ञ समुह गठन गरि परिचालन गरिने छ ।

७. विद्यार्थी शिक्षक अनुपात मिलाउँदै शैक्षिक दरबन्दी मिलान गरिनेछ ।

८. विद्यालयको शैक्षिक गुणस्तर तथा शैक्षिक पूर्वाधार विकासमा जोड दिइनेछ ।

९. सबै विद्यालयमा शुद्ध पिउने पानीको उचित व्यवस्था मिलाइनेछ ।

१०. विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणका लागि आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ । साथै शिक्षकको क्षमता विकासको लागि तालिम सञ्चालन गरिनेछ ।

११. भौगोलिक दूरी भएका, विद्यार्थी संख्या न्यून रहेका विद्यालयहरूलाई स्थानान्तरण/समायोजन/कक्षा घटुवा गरी आवश्यक स्थानमा जनशक्ति पूरा गरिनेछ ।

१२. विद्यार्थी संख्या न्यून रहेका विद्यालयहरूमा बहुकक्षा शिक्षणबाट पठनपाठनको व्यवस्था मिलाइनेछ ।

१३.बालबालिकाको क्षमता बिकासको लागि प्रतिभा पहिचान/बिकास कार्यक्रम संचालन गरिने छ । साथै जेहन्दार र गरिब विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

१४. नेपाल सरकारले निःशुल्क शिक्षा भने तापनि आर्थिक स्रोतको अभावमा शुल्क उठाउन बाध्य भएका विद्यालयहरूलाई निःशुल्क शिक्षा सुनिश्चितताका लागि शसर्त सहितको अनुदानको व्यवस्था गरिनेछ ।

१५. विद्यालयको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयहरूमा वर्षभरिमा कम्तीमा तीन पटक अनुगमन गर्न प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनेछ ।

१६. स्थानीय पाठ्यक्रम तयार भइसकेकाले पहिलो चरणमा कक्षा १ देखि ५ सम्म लागु भई सकेकोमा आगामी शैक्षिक सत्रबाट लागु हुने गरि कक्षा ६ देखि ८ को स्थानीय पाठ्यक्रम लागू गरिनेछ ।

१७.सामुदायिक बिद्यालयहरुको शैक्षिक गुणस्तर बिकास गर्न क्रमस अंग्रेजी माध्यमबाट कक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१८.नगर शिक्षा योजना तयार गरि कार्यान्वनमा ल्याइने छ ।

## युवा तथा खेलकुद

१९. वडा तथा नगरस्तरमा विभिन्न खेलकुद प्रतियोगिता मार्फत खेलकुद विकासमा जोड दिइनेछ ।

२०. नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

२१.हरेक वर्ष नगरपालिकामा मेयर कप खेलकुद प्रतियोगिता सञ्चालनमा रहि रहेकोमा यसलाई अगामी अ व मा पनि निरन्तरता दिईनेछ र यसलाई संस्थागत विकासमा जोड दिईनेछ ।

२२.नगरस्तरीय खेलकुद मैदानको स्तरोन्नति गरिनेछ । वडा स्तरीय खेलकुद मैदान निर्माण गरिनेछ । विद्यालयमा खेलकुदका अतिरिक्त क्रियाकलाप गर्न प्रोत्साहन गरिनेछ ।

२३.लक्षित वर्गलाई लक्षित गरी विभिन्न सिपमूलक तालिम सञ्चालन गरी स्वरोजगारको व्यवस्था गरिनेछ। युवाको सकारात्मक सोंच सदाचारिता र रचनात्मकता विकास गरी युवा परिचालन कार्यक्रम लागू गरिनेछ ।

२४.नगर भित्रका युवाहरुका लागि कविता, गजल आदी रचनात्मक साहित्यीक गतिबिधिहरु सञ्चालन गरिनेछ ।

## स्वास्थ्य तथा सरसफाई

२५. खोप कार्यक्रमलाई विशेष प्राथमिकता दिई पूर्णखोप दिगोपना सुनिश्चिततालाई निरन्तरता दिइनेछ ।

२६.आमा सुरक्षा कार्यक्रमलाई विशेष प्राथमिकतामा राखी सञ्चालनमा रहेको उपमेयर कोसेली सेवा कार्यक्रमलाई परिस्कृत गरी उपमेयर एम्बुलेन्स सेवा मार्फत संस्थागत सुत्केरी वडा क्रमशः घोषणा गरिँदै लगिनेछ ।

२७.स्वर्गद्वारी नगरपालिका भित्रका आर्थिक रूपले विपन्न नागरिकहरूको संस्थागत डेलिभरीका लागि लाग्ने एम्बुलेन्स भाडा निःशुल्क गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ ।

२८. मधुमेह मृगौला रोग उच्च रक्तचाप आदि नसर्ने दीर्घ रोगहरु औलो डेङ्गु क्षयरोग, कुष्ठरोग जस्ता सरुवा रोगहरूको समयमै पहिचान गरी उपचारमा सबै स्वास्थ्य संस्थाहरूमै जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२९. ८० वर्षभन्दा माथिल्लो उमेरका जेष्ठ बुवाआमाहरूलाई घरमै गई स्वास्थ्य उपचार गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. यस पालिकामा औषधि सेवन गरिरहने एचआइभी संक्रमित व्यक्तिहरुलाई पोषण तथा यातायात स्वरूप मासिक रुपमा भत्ता उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. महामारी रोगबाट जनतालाई जोगाउन पूर्व सावधानी र संरक्षणमा आवश्यक व्यवस्था गरिनेछ ।

३२. योग तथा आयुर्वेद उपचार पद्धतिलाई जोड दिइनेछ । नगरभित्र रहेका जडीबुटीको पहिचान गरी त्यसको उचित उपयोग गर्न आवश्यक कदम चालिनेछ । आयुर्वेद औषधालयको विस्तार गर्दै लगिनेछ । जीवनशैली परिवर्तन गर्न समयसमयमा योग कक्षाहरू सञ्चालन गरिनेछन् ।

३३. प्राथमिक स्वास्थ्य केन्द्रलाई सेवा र सुविधामा वृद्धि गरी १५ सैयाको अत्याधुनिक र सुविधा सम्पन्न अस्पताल निर्माण कार्य प्रक्रियालाई द्रुतता दिइनेछ । यसैगरी यसको जनशक्ति व्यवस्थापनमा पनि हालदेखि नै सुरुवात गरिनेछ ।

३४. हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूबाट हुने सेवा प्रवाहलाई छिटो छरितो र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार जनशक्ति औजार उपकरण आदिको व्यवस्था गरिनेछ । स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराउँदै आएको निःशुल्क औषधिहरू सबै स्वास्थ्य संस्थाहरूबाट अभाव हुन नदिन आवश्यक बजेट विनियोजन गरिनेछ ।

३५. सुर्तीजन्य तथा मदीराजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्न सचेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. स्वास्थ्य प्रवर्धनको लागि ३ स अभियानलाई निरन्तरता दिँदै समुदाय स्तरमा पुर्याइनेछ ।

३७. दीर्घ रोगीहरूलाई प्रदान गरिँदै आएको उपचार खर्च रकमलाई निरन्तरता दिइनेछ ।

३८. यस पालिकामा बसोबास गर्ने ६० वर्ष माथिका आर्थिक रूपले विपन्न जेष्ठ नागरिकहरुलाई निःशुल्क आँखा उपचारको व्यवस्था मिलाईनेछ ।

३९. स्वास्थ्य बीमा कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

४०. मानसिक स्वास्थ्य परामर्श सेवा तथा मानसिक रोगीहरूको निःशुल्क उपचारका लागि व्यवस्था मिलाइनेछ ।

४१. रोगी बिरामीहरूको सम्पूर्ण अभिलेख राख्ने र अस्पताल आइडी निर्माणको कार्यलाई थप तीव्रता प्रदान गरिनेछ ।

४२. नगरभित्रका असहाय, अपांग तथा बिपन्न महिलाहरूको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

४३.शंकास्पद पाठेघरका बिरामी महिलाहरूलाई अस्पतालसम्म पुर्याई रोग निदान गर्ने तथा स्वास्थ्य बीमाको दायरामा लिने र निजहरुले प्राप्त गर्न सक्ने आर्थिक सहयोगहरुको सुनिश्चितता गरिनेछ ।

४४.सबै किसिमका क्यान्सर रोगी, मुटुको भल्ब फेरेका बिरामी र मृगौला डायलाइसिस वा प्रत्यारोपण गरेका दीर्घ रोगीहरूका लागि निःशुल्क बीमाको व्यवस्था गरिनेछ ।

४५.सर्ने तथा नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि विद्यालय स्वास्थ्य शिक्षा प्रदान गरिनेछ ।

४६.गत आ.व.मा सञ्चालनमा ल्याइएको स्वर्गद्वारी सर्पदंश उपचार केन्द्रलाई थप व्यवस्थित बनाइनेछ ।

## महिला बालबालिका जेष्ठ नागरिक तर्फ

४७. लैङ्गिक हिंसा मुक्त नगर बनाउन आवश्यक प्रवर्धानात्मक उपचारात्मक र निरोधात्मक उपायहरु अवलम्बन गरिनेछ ।

४८.महिलामाथि हुने सबै प्रकारका घरेलु तथा अन्य हिंसाको अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४९.महिला सहकारी संस्थाहरूलाई अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी सबै लक्षित वर्गहरूमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५१.महिलाको क्षेत्रमा गरिने लगानी वृद्धि गर्दै लगिनेछ । महिलालाई रोजगारीमा प्राथमिकता दिइनेछ ।

५२.विपन्न तथा गरिब घरपरिवारका गृहीणी महिलाको क्षमता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५३.एकल तथा विपन्न महिलाहरुलाई आत्मनिर्भर बनाई व्यवसायीक प्रयोजनका लागि महिलाहरूलाई सेनेटरी प्याड आफै निर्माण गर्नको निम्ति सिप विकास तालिम प्रदान गरिनेछ ।

५४.महिला हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय नारी दिवस जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।

५५.लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र कार्यक्रमलाइ उच्च प्राथमिकता दिइनेछ । पछाडी परेका बर्ग, क्षेत्र, जातजातीको सामाजिक, सास्कृतिक, आर्थिक बिकास र सशक्तिकरणमा प्रत्येक्ष लाभ हुने र हानीकारक मुल्यमान्यता कम गर्न सहयोग पुग्ने योजना तथा कार्यक्रम बिकास गरि कार्यन्वयनको सुनिश्चिता गरिनेछ ।

५६.योजनाका सबै चरणहरुमा महिला तथा सिमान्तकृत समुदायको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ । सबै वडा र बिषयगत शाखाको योजनाहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवालहरुलाई उच्च प्राथामिकता राखेर बजेट बिनियोजन गरिने छ ।

५७.सुशासन र जवाफदेहिता कायम गर्न र सेवा प्रवाहमा महिला तथा बन्चितीकरणमा परेका समुदायको सहज पहुच सुनिश्चितगर्नका लागि लैससास परिक्षण र लैगिक उत्तरदायी बजेट परिक्षणलाइ संस्थागत गरिने छ ।

**बालबालिकातर्फ**

५८.वडा स्तरको बाल क्लब, बाल सञ्जाल र बाल संरक्षण समितिलाई थप सक्रिय बनाइनेछ।

५९.नगरस्तरीय बाल सञ्जालको सहकार्यमा बालबालिका सम्बन्धी बालविवाह अन्त्य गर्न विशेष पहल गरिनेछ । सबै प्रकारको बाल हिंसा तथा बालश्रमको निवारण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६०.गरिब परिवारका विद्यार्थीहरूलाई छनौट गरी आवश्यक स्टेशनरी सामग्री वितरण गरिनेछ ।

६१.बालमैत्री नगर घोषणा गर्ने गरी कार्यक्रम अगाडि बढाइनेछ ।

**६२.बालबालिकाहरुलाई अध्ययनमा रुची बढाउन पढ्दै र पढाउदै कार्यक्रम अगाडी बढाइने छ ।**

**फरक क्षमता भएका व्यक्तितर्फ**

६३.अब बन्ने सबै सार्वजनिक निर्माणका संरचनाहरुलाई अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।

६४.अपाङ्गता परिचय पत्र घरदैलोमै बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६५.अपाङ्गता भएका परिवारको लैगिक विश्लेशण गरि दस्ताबेज तयार गरिनेछ ।

६६.अपाङ्गता भएका ब्यक्तीहरु रोजगारी दिने खाले कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**जेष्ठ नागरिकतर्फ**

६७.जेष्ठ नागरिक सञ्जाल सञ्चालनमा थप व्यवस्थापन गरिनेछ ।

६८.जेष्ठ नागरिक परिचयपत्र वितरणलाई थप व्यवस्थापन गरिनेछ ।

६९.जेष्ठ नागरिकको आत्मसम्मान बढाउने कार्यक्रमहरू सञ्चालन गरी जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । जेष्ठ नागरिकहरुलाइ मानसिक रुपमा सवल बनाउन धार्मिक तथा पर्यटकीय स्थलहरुमा अवलोकन भ्रमण गराइनेछ ।

७०.जेष्ठ नागरिक भवन दिवा सेवा केन्द्र व्यवस्थित रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

७१.जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।

७२.उत्कृष्ट जेष्ठ नागरिक स्याहारकर्तालाई जेष्ठ नागरिक दिवसको अवसरमा पुरस्कार तथा सम्मान प्रदान गरिनेछ ।

७३.मासिक रुपमा जेष्ठ नागरिक भेटघाट तथा भलाकुसारी कार्यक्रम सञ्चालन गरिनेछ ।

**दलित तथा जनजातितर्फ**

७४.दलित सचेतना तथा छुवाछुत अन्त्य गर्नका लागि जातीय भेदभाव विरुद्धका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७५.वडा तथा नगरस्तरमा दलित सञ्जाल गठनलाई निरन्तरता दिइनेछ ।

७६. जनजातिहरूका मुख्य चाडपर्व तथा भेषभूषाहरुलाई प्रवर्धन गर्न लोक सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. दलित तथा जनजातिका सञ्जाल गठन गरी सञ्जालका सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता

७८. प्रविधिमैत्री सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता अभिलेख व्यवस्थापनलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

७९. व्यक्तिगत घटनादर्ताको महत्व जनस्तरमा पुर्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. व्यक्तिगत घटना दर्तालाई विद्युतीय माध्यमबाट व्यवस्थापन गरि थप व्यवस्थित गरिनेछ ।

८१. राष्ट्रिय परिचयपत्र अनलाइन दर्ताको कार्यलाई वडास्तरमा पुऱ्याइनेछ । साथै जेष्ठ नागरिकहरूका लागि सामाजिक सुरक्षा भत्ता नविकरणमा आवश्यक पर्ने राष्ट्रिय परिचयपत्रको बायोमेट्रिक वडाबाटै उपलब्ध गराउन बायोमेट्रिकका लागि आवश्यक पर्ने उपकरण खरिद तत्कालै गरिनेछ ।

## गैरसरकारी संस्थातर्फ

८२. नगरपालिका र गैरसको समन्वय र साझेदारीमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. विकासका गतिविधिहरूलाई थप प्रभावकारी बनाउन सामाजिक परिचालन कार्यमा गैरसरकारी क्षेत्रको क्षमतालाई प्रयोग गरिनेछ ।

८४. गैर सरकारी संस्थाहरूको कार्यक्रमलाई नगरपालिकाको मातहतमा ल्याई एकद्वार पोलिसी अन्तर्गत सञ्चालन गरिनेछ । गरिबी निवारण कोष सञ्चालन भएका सञ्जाललाई थप व्यवस्थित गर्रिंदै लगिनेछ ।

## पछाडि पारिएका वर्ग दलित आदिवासी जनजातितर्फ

८५. पिछडीएका वर्ग, दलित, आदिवासी, जनजातिको हकहितको संरक्षण सशक्तिकरण गर्न नगरका सबै क्षेत्रमा पहुँच वृद्धि गर्दै लगिनेछ ।

८६. आदिवासी जनजातिको भाषा धर्म संस्कृतिको संरक्षण प्रचारप्रसार गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८७. दलित तथा पिछडीएका वर्गको परम्परागत पेशालाई संरक्षण गर्दै आधुनिक तथा व्यावसायिक बनाई आत्मनिर्भर गराइनेछ ।

८८. यस नगरपालिका भित्र रहेका विभिन्न जनजातिको भाषा संस्कृतिको संरक्षण र प्रवर्धन गरिनेछ ।

## पूर्वाधार विकास क्षेत्रतर्फ

१. नगर केन्द्र र वडा केन्द्र जोड्ने सडकहरू स्तरोन्नति गरिनेछ ।

२. पर्यावरणीय क्षेत्रलाई ध्यान दिँदै नयाँ बाटो खोल्ने कार्यक्रमलाई न्यूनीकरण गरिदै लगिनेछ । सबै वडा कार्यालयहरूमा जोड्ने सडक स्तरोन्नति गरी बाह्रै महिना चल्ने गराइनेछ ।
३. धार्मिक तथा पर्यटकीय क्षेत्रसम्म जाने बाटोलाई पहिलो प्राथमिकता दिइनेछ ।
४. नगरसँग जोडिएको अर्को स्थानीय तह जोड्ने सडक निर्माणलाई प्राथमिकता दिइनेछ ।
५. नगरका गौरवका आयोजनाहरू छनौट गरी निर्माणका लागि गुरुयोजना तयार गरी प्रदेश केन्द्र सरकार तथा निजी क्षेत्रसँग सहकार्य एवं समन्वय गरी सञ्चालन गरिनेछ ।
६. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
७. योजना कार्यान्वयनको लागि कार्यतालिका बनाई लागू गरिनेछ ।
८. नगरको छुट्टै भू-उपयोग नीति बनाई लागू गरिनेछ । साथै जग्गा वर्गीकरणको कार्यलाई तीव्रता दिइनेछ ।
९. एकीकृत बस्ती विकासको नीति लिइनेछ । नमुना नयाँ सहर कार्यक्रम अन्तर्गत यस नगरका समथर भूभागका सडकहरूको स्तर उन्नति गर्नको लागि उक्त कार्यक्रमसँग समन्वय तथा सहकार्यलाई निरन्तरता दिइनेछ ।
१०. नगरपालिकाभित्र रहेको औद्योगिक ग्रामलाई आवश्यक पूर्वाधार विकास गरी तत्काल सञ्चालनमा ल्याउन प्रयास गरिनेछ ।
११. नगरपालिकाको पञ्चवर्षीय योजना आवधिक योजना तथा त्रिवर्षीय योजना मध्यमकालीन खर्च संरचनालाई पुर्ण रुपमा लागु गरिनेछ ।
१२. जनतासँग मेयर उपमेयर कार्यक्रमलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
१३. टोल विकास संस्था गठन तथा परिचालन गरिनेछ ।
१४. आयोजनाहरूको मर्मत सम्भार कोषको सुनिश्चितताको लागि आयोजनाहरूबाटै दुई प्रतिशत मर्मत सम्भार कट्टी गर्ने नीति निरन्तर जारी राखिनेछ ।
१५. मुख्य चोक तथा विद्यालय स्वास्थ्य संस्थाहरूमा सडकबत्तीको व्यवस्था गरी सडक सुरक्षालाई प्रभावकारी बनाइनेछ ।
१६. बिकास निर्माण सग सम्बन्धीत योजनाहरुको बातावरणीय प्रभाब अध्ययन कार्य सुरुवात गरिनेछ ।

## सिँचाइ तथा खानेपानीतर्फ

१७. नगर भित्रका सबै खानेपानीका मुहान संरक्षण गर्न विशेष अभियान सञ्चालन गरिनेछ । खानेपानीको स्रोत बचाउन उपयुक्त स्थानमा रिचार्ज पोखरी निर्माण गरिनेछ । एक वडा एक रिचार्ज पोखरी अभियानलाई निरन्तरता दिइनेछ ।
१८. पर्यावरणीय स्वच्छता कायम राख्न वार्षिक रूपमा बाल उद्यान/खुलाक्षेत्र हरियालीक्षेत्र विस्तारका चौतारीहरू वा पोखरीहरू वा सडक हरियाली क्षेत्र विस्तार गरिदै लगिने छ ।
१९. प्रत्येक घरमा स्वच्छ सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाइनेछ । एक घर एक धाराको अभियानलाई निरन्तरता दिनेछ । नगर भित्रका सबै खानेपानीको गुणस्तर परीक्षण गरी गुणस्तरीय खानेपानीमा जनतालाई आश्वस्त गरिनेछ ।

२०. सहरका मुख्य स्थानमा स्वच्छ खानेपानी र सार्वजनिक शौचालयको व्यवस्था मिलाइनेछ ।

२१. खानेपानी तथा सरसफाई सम्बन्धी कार्ययोजना वास प्लान निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२२. लुङ्ग्री माडी सिचाइ आयोजनालाई अगाडी बढाउन आवश्यक पहल कदमी गरिनेछ ।

२३. माडी खोलाबाट लिफ्ट सिँचाइ गर्न विभिन्न संघसंस्था र आवश्यक निकायहरूमा पहल गरिनेछ ।

**वन वातावरण विपद तथा फोहरमैला व्यवस्थापनतर्फ**

२४. एक वडा एक ल्यान्डफिल्ड साइडको निर्माण गरिनेछ ।

२५. सरसफाई गुरुयोजना निर्माण गरिनेछ । सरसफाई अभियान सञ्चालन गरिनेछ

२६.फोहरमैलालाई घरमै वर्गीकरण गर्न सचेतना कार्यक्रम गरिनेछ ।

२७. वन क्षेत्रहरूमा हुने डढेलो नियन्त्रण गर्न सचेतता कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. पहिरोबाट जोखिमयुक्त स्थानहरूमा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. नर्सरी व्यवस्थापनको लागि सव डिभिजन वन कार्यालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. पूर्व तयारी तथा द्रुतप्रतिकार्य कार्ययोजना बनाई लागु गरिनेछ ।

३१. वडा नम्बर ३ लाई श्रीखण्ड पकेट वडाको रुपमा अगाडि बढाइनेछ ।

३२.सडक हरियाली कायम गर्ने नीति ल्याइने छ । वडा स्तरमा चौतारीहरु निर्माण गरिने छ ।

३३.बातावरण प्रदुषण नियन्त्रणको लागि नीति बनाई कार्यन्वयन गरिने छ ।

**वित्तीय व्यवस्थापन र राजस्व परिचालनतर्फ**

१. नगरपालिकालाई संविधानमा प्राप्त भएको राजस्व सङ्कलनका समग्र क्षेत्रलाई समेटेर राजस्व सम्बन्धी बृहत अध्ययन अनुसन्धान प्रतिवेदन तयार गरी आएका क्षेत्रहरू पहिचान गरिनेछ ।

२. नगरको राजस्व संकलनको यथार्थ स्थिति र राजस्व संकलनको सम्भाव्यता अध्ययन गरी सरल कर प्रणालीको विकास गरिनेछ ।

३. स्थलगत रूपमा सङ्कलन गरी बक्यौता असुली प्रक्रियालाई अगाडि बढाइनेछ ।

४. राजस्व परिचालनको क्षेत्रमा कर्मचारी खटाई विशेष प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।

५. राजस्व संकलन प्रक्रियालाई वडागत तहमा संस्थागत गर्न यसै आर्थिक वर्षभित्र करदाताले आफ्नै फोनबाट कर तिर्न सक्ने प्रणालीको विकास गरी छिटो छरितो र चुस्त दुरुस्त रुपमा सेवा प्रवाह कार्यलाई निरन्तरता दिइनेछ ।

६. दलित महिला, एकल महिला तथा फरक क्षमता भएका महिलाहरुलाई ब्यवसाय कर र ब्यवसाय नविकरणमा ५० प्रतिशत छुटको ब्यवस्था गरिने छ ।

**संस्थागत सेवा प्रवाह र सुशासन तर्फ**

१. संविधान अनुसार स्थानीय तहको जिम्मेवारी सम्पादन गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति व्यवस्थापन तथा समायोजन नयाँ प्रक्रिया अवस्थामा तदर्थ व्यवस्थापन अन्तर्गत आवश्यकताको आधारमा नगरकार्यपालिका, वडा कार्यालय लगायतका विषयमा शाखाको तहगत जिम्मेवारी बाँडफाडको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२. कृषि क्षेत्रमा कृषकहरूको पहुँच तथा समान रुपले प्रत्येक वार्डमा सेवा प्रवाह गर्न वडा नं १ र २ को केन्द्र पर्ने गरि धरमपानी बजारमा कृषि र पशु प्राविधिक सहित सेवा उपकेन्द्रको व्यवस्था गरिनेछ ।

३. कर्मचारीहरूलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट मानव संसाधन विकास एवं क्षमता अभिवृद्धि गरी नागरिकप्रति सेवामुखी एवं जवाफदेही बनाउँदै लगिनेछ ।

४. कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता वृद्धि उत्प्रेरित गर्नुको साथै अतिरिक्त कामको पारिश्रमिकको व्यवस्था गरिनेछ ।

५.स्थानीय तहका विवादहरू स्थानीय तहमा समाधानका लागि मेलमिलाप केन्द्रहरूको गठन भइसकेकोमा सेवा प्रवाहलाई अवलम्बन गरिनेछ ।

६. सार्वजनिक महत्व सूचना उपलब्ध गराउन नागरिक सूचनाको हकलाई पूर्णरुपमा प्रचलनमा ल्याइनेछ ।

७. स्थानीय तह गठन भएको दिनलाई स्थानीय दिवसको रुपमा मनाइनेछ ।

८. आम नगरवासीहरूको सूचनाको हकलाई उच्च प्राथमिकता दिँदै नगरपालिका क्षेत्रमा सञ्चालन गरिने विकास र सुशासनका गतिविधिहरुलाई नगरवासी समक्ष पुर्याउन एवं समग्र नगर विकास प्रक्रियामा आवश्यक सल्लाह सुझाव र प्रतिक्रिया प्राप्त गर्न सबैको पहुँच पुगोस् भन्ने अभिप्रायले स्थानीय एफएम रेडियो मार्फत स्वर्गद्वारी नगर आवाज रेडियो कार्यक्रम नियमित प्रसारणको व्यवस्था मिलाइनेछ ।

९. कार्यपालिकाको क्रियाकलापलाई पारदर्शी जवाफदेही उत्तरदायी र मितव्ययी बनाउन नियमित रूपमा सार्वजनिक सुनवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, खर्च सार्वजनिकरण जस्ता विधि र प्रक्रियालाई नियमित बनाइनेछ।

१०. वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजित बजेटको ५०% भन्दा बढी खर्च गर्ने प्रवृत्तिमा निरुत्साहित गरिनेछ ।

११. नगरसभामा वार्षिक बजेट प्रस्तुतिसँगै वार्षिक खरिद योजना तयारी गरिनेछ ।

१२.अनियमितता र गुणस्तरहिनताको अन्त्य गर्न सार्वजनिक खरिद नियमावली अनुसारका व्यवस्थाहरूलाई कडाईको साथ लागू गरिनेछ ।

१३. नगरस्तरका योजना कार्यक्रम तथा सम्पूर्ण आर्थिक गतिविधिहरुमा निगरानी पारदर्शिता तथा सुशासन कायम गर्न नगरस्तरीय लेखा समितिको व्यवस्था गरिनेछ ।

१४. ठेक्का पट्टा तथा सम्झौता निर्धारित समयभित्रै सम्पन्न गर्न विद्युतीय बोलपत्रलाई पूर्णरुपमा प्रयोग गरिनेछ ।

१५. बेरुजु नियन्त्रण गर्न आन्तरिक लेखा परीक्षण शाखा र कर्मचारीको व्यवस्था गरिनुको साथै लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवारी तुल्याइनेछ

१६. हरेक वर्षका बेरुजुहरू क्रमश फछ्र्यौट गर्दै लगिनेछ । नगरपालिकाबाट असुल गर्नुपर्ने बेरुजुको बजेटमा नै व्यवस्था गरिने तथा अन्य संस्था, निकाय, व्यक्तिबाट असुल गर्नुपर्ने बेरुजु कडाईका साथ असुल उपर गर्ने र नयाँ बेरुजु हुने अवस्थालाई निरुत्साहित गरी शून्य बेरुजुको अवधारणा लागू गरी आर्थिक अनुशासन कायम गरिनेछ ।

१७. शून्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचार गरेको पाइएमा नियमअनुसार कडाभन्दा कडा कारबाही गरिनेछ ।

१८. न्यायिक समितिबाट सम्पादन हुने कार्यहरूलाई क्रमश डिजिटल रुपमा परिवर्तन गर्रिँदै लगिनेछ ।

१९. सहिद परिवार सम्मान कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

२०. कर्मचारी कल्याण कोषलाई निरन्तरता दिँदै लगिनेछ ।

२१. वडा स्तरीय आयोजनाको अनुगमन तथा मूल्याङ्कन वडा अनुगमन समितिले र नगरस्तरीय योजनाको अनुगमन तथा मूल्याङ्कन नगरस्तरीय अनुगमन समितिबाट गरिनेछ ।

२२. नगरका गौरबका अभियानहरू, पूर्णखोप सुनिश्चितताको, धुवामुक्त अभियान, जिरो होम डेलिभरी जस्ता अभियानहरुलाई थप प्रभावकारी र पूर्ण रुपमा नियमन गर्न अनुगमन समिति गठन गराई नियमित अनुगमन गरिनेछ ।

२३. कार्यपालिका अन्तर्गतमा रहेका मर्मत सम्भार कोष, विपद व्यवस्थापनकोष, कर्मचारी कल्याणकोषहरूको परिचालनका लागि आवश्यक कार्यविधि बनाइनेछ ।

२४. नगर क्षेत्रभित्र सञ्चालन हुने तालिम कार्यक्रम अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन, प्राविधिक कर्मचारीहरूको फिल्डभत्ता, पदाधिकारी तथा कर्मचारीहरूको बैठक भत्ता लगायतका अन्य भत्ताहरूका लागि खर्च सञ्चालन निर्देशिका बमोजिम एकरुपता कायम गरिनेछ ।

२५. नगरपालिकाका राष्ट्रसेवकहरूको कार्यप्रेरणाका लागि सुपरिवेक्षकबाट नियन्त्रित हुने गरी मासिक रूपमा प्रोत्साहन स्वरूप अतिरिक्त समयसमर्पण भत्ता उपलब्ध गराइनेछ ।

२६. सुशासन स्थापनाको लागि आवश्यक कानुन, नियम, नियमावली, कार्यविधि आदिको निर्माण गरी आन्तरिक नियन्त्रण प्रणाली लागू गरिनेछ ।

२७. कर्मचारी दरबन्दी सर्वेक्षण प्रतिवेदन २०८० का आधारमा रिक्त कर्मचारी आवश्यकता व्यवस्थापन गरिनेछ ।

२८. स्वर्गद्वारी नगरपालिकाको आधारभूत तथ्यांक संकलन गरि डिजिटल प्रोफाइल तयार गरिनेछ ।

२९. नयाँ शहर आयोजनाको कार्यालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

३०. उत्कृष्ट करदाता, उत्कृष्ट उपभोक्ता समितिहरूलाई पुरस्कृत गरिनेछ ।

३१.स्वर्गद्वारी नगरपालिका अन्तर्गतका बालिका वा छोरीहरुलाई लैंगिक समानता र सामाजिक समावेशीकरणको अवधारणा बमोजिम छोरी बचत सुरक्षा कार्यक्रमलाई सुरुवात गरिने छ ।

## सूचना तथा प्रविधितर्फ

३२. नगरपालिकाका सबै सूचनालाई वेबसाइट मार्फत प्रकाशन गरी सूचनामा नागरिकको पहुँच बढाइनेछ।

३३. नगरपालिका क्षेत्रभित्रका रेडियो पत्रपत्रिकाको प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३४. नगरपालिकाको विकास प्रवर्द्धनमा योगदान पुर्याउने सञ्चार माध्यम र सञ्चारकर्मीलाई पुरस्कृत गर्दै लगिनेछ ।

३५. सूचना प्रविधियुक्त पार्क जिमुरुपाटालाइ सूचना प्रविधिमैत्री पार्कको रुपमा विकास गर्दै लगिने छ । स्वर्गद्वारी गेटमा डिजिटल सूचनापाटी राखी पालिकाका मुख्य पर्यटकीय क्षेत्रको जानकारी गराई आन्तरिक र बाह्य पर्यटनलाइ प्रवर्धन गर्दै लगिने छ

३६. नगरपालिकाका सबै अभिलेखलाई क्रमश डिजिटलाइज गर्दै लगिनेछ ।

३७. प्रविधिमैत्री सेवा प्रवाहलाई अवलम्बन गर्दै लगिनेछ ।सेवाग्राहीको चाप हुने स्थानमा क्रमस फ्री वाई फाई जोन बनाइदै लगिने छ ।

३८. सेवा पारदर्शिता कायम गर्न नागरिक सुनवाई सार्वजनिक सुनवाई जनतासँग मेयर उपमेयर कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । स्वर्गद्वारी नगरपालिकाका विकास गतिविधि सेवा प्रवाह लगायतका विषयहरू समेटी हरेक ६ महिनामा स्वर्गद्वारी मुखपत्र प्रकाशन गरिनेछ।

३९. इन्टरनेट सेवा विस्तार नभएका स्थानहरुमा अप्टिकल फाइबरसहितको उच्च गतिको इन्टरनेट नेपाल दूरसंचार प्राधिकरणसंग समन्वय गरि योजना कार्यान्वयन गरिनेछ । इन्टरनेट प्रयोगमा नागरिक पहुच बढाइने छ ।

४०. नगरपालिकाका सबै शाखा तथा जनप्रतिनिधिहरूलाई एकैसाथ सूचना प्रवाह हुने गरी इ सम्पर्कको विकास गरिनेछ । सोका लागि जनप्रतिनिधि र कर्मचारी सबैलाई सूचना प्रविधिमैत्री गराइनेछ ।

४१. नगरपालिकाको वेबसाइट, मोबाइल एप्स, एसएमएस प्रणाली, फेसबुक पेज, ट्विटर पेजलाई प्रभावकारी रुपमा सञ्चालन गरी तत्काल सुझाव लिन र दिन मिल्ने पद्धतिको विकास गरिनेछ ।

४२. नगरपालिकामा विद्युतीय सुशासनलाई आवश्यक पूर्वाधार सूचना तथा प्रविधि कक्षलाई पूर्णरुपमा आधुनिक बनाइनेछ ।

४३. सबै वडाकार्यालयमा सिसिटिभी जडान तथा हेल्प डेक्स स्थापना गरी सेवाग्राही मैत्री कार्यालयको रुपमा विकास गरिनेछ ।

४४. प्रत्येक सेवाग्राहीले कर तथा शुल्क तिरेको विवरण तत्कालै एसएमएसबाट दिने प्रणालीलाइ थप व्यवस्थापन गरिनेछ।

४५. घर नक्सा पास गर्ने प्रणालीलाई डिजिटल प्रणालीमा लगिनेछ ।

४६. नगरपालिकाका सबै पुराना तथा महत्त्वपूर्ण कागजातहरूलाई डिजिटलाइज गरी व्यवस्थित गरिनेछ ।

४७. नगरपालिकाका सबै विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी समयसमयमा विषयगत विज्ञ शिक्षकहरूबाट अनलाइनको माध्यमबाट विशेष कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

४८. महिला, दलित, जनजाती, अपाङ्ग तथा बिपन्न बिद्यार्थीहरुलाई अनलाइनको माध्यमबाट निशुल्क रुपमा लोकसेवा तयारी कक्षा संचालन गरिने व्यवस्था मिलाइने छ ।

४९. सेवा प्रवाहलाई प्रभाबकारी बनाउन नगरपालिकाको कार्यालयमा वैकल्पिक विद्युतको व्यवस्था गरिनेछ

**आदरणीय नगरसभा सदस्यज्यूहरू,**

**सीमित श्रोत साधनले असिमित माग र बढ्दो आकांक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिकालाई नेपाल सरकार, प्रदेस सरकार, दातृ निकाय, विभिन्न संघ संस्थाबाट प्राप्त हुने शसर्त तथा निशर्त अनुदान, विषेश अनुदान, लागत साझेदारी अनुदान, ऋण तथा आन्तरिक आय एवं लागत सहभागीताको दायरा समेत मूल्यांकन गरि निति तथा कार्यक्रम सहितको बजेट तर्जुमा गरिएको छ।**

आदरणीय नगरसभा सदस्यज्यूहरू यस सम्मानित सभामा उपस्थित हुनुभएका नगरसभा सदस्यज्यूहरूबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको स्रोत क्षमता भित्रका आयोजनाहरुलाई यस वर्षको नगरसभा, विषयगत समितिमा व्यापक छलफल गरी सन्तुलित र दिगो बनाउने प्रयास गरिएको छ नगरपालिकाको उपलब्ध स्रोत साधनले धान्न नसकेका योजनाहरुलाई क्रमश प्रदेश र केन्द्र सरकार समक्ष अनुरोध गर्ने निर्णय गरिएको छ।

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै योजना तथा कार्यक्रम तय गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ। यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौ भने अर्को तर्फ सीमित स्रोत र साधनलाई परिचालन गर्नुपर्दा स्रोत छरिन गएको भन्ने आलोचनाबाट मुक्त हुन पनि आगामी दिनमा थप स्रोत पहिचान र परिचालनलाई ध्यान पुर्याउनु जरुरी देखिएको छ । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन यसको लक्ष्य एवं उद्देश्यहरू प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मूल्याङ्कन जरुरी हुन्छ। यसका साथै आवश्यक क्षमता विकास नीतिगत कार्यविधिगत सुधारका कार्यहरूमा समेत आवश्यक पर्न जान्छन् यसको लागि आवश्यकता अनुसार सरकारी, गैरसरकारी, नागरिक समाज, सञ्चारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा सम्पादित कामको गुणस्तरको सुनिश्चितता पारदर्शिता एवं उत्तरदायित्व बहनमा टेवा पुग्ने विश्वास लिएका छौं। बजेट नीति तथा योजना तर्जुमाका सीलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउने नगरसभा सदस्यज्यूहरू, कार्यपालिकाका

सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु. नगरस्तरीय राजनीतिक दलका प्रतिनिधिहरु, उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरू, साझेदार संस्थाहरू, पत्रकारहरू, सामुदायिक तथा निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खटिनु भएका नगरपालिकाका कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

हाम्रो आमन्त्रणालाइ स्वीकार गरी आफ्नो कार्यव्यस्तताका बावजुद उपस्थित भई नगरसभाका गरिमा बढाइदिनुहुने सम्पूर्ण उपस्थित महानुभावहरुमा विशेष आभार प्रकट गर्दछु । आमा समूह युवा समूह र उपभोक्ता समितिप्रति आफ्नो विकासमा आफै जुट्नको लागि उच्च भरोसा गरेका छौं भर्खरै मात्र पाइला टेक्दै गरेको स्थानीय सरकारले समाधान एकैपटक दिन सक्दैन स्रोत साधन र जनशक्तिको सीमिततालाई ध्यान दिँदै रचनात्मक सुझाव दिन गलत कार्यहरूको खबरदारी गर्न र राम्रा कार्यहरुलाई प्रोत्साहन गर्न नगरपालिकाको ढोका यहाँहरुलाई सदैव खुला रहनेछ ।

जनताको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपालिकाबाट सम्बोधन हुन नसकेका योजनाहरूलाई प्रदेशस्तर र केन्द्र स्तरबाट सम्बोधन होस् भन्ने हेतुले आवश्यक पहलका लागि प्रदेश सभा सदस्य र व्यवस्थापिका संसदका माननीय सदस्यज्यू मार्फत अनुरोध गरिनेछ। यहाँहरु सबैबाट नगरका विकासको हरेक अभियानहरुमा सहभागिता सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु

अन्त्यमा यस नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमूल्य सुझाव र सहयोग उपलब्ध गराई सहयोग पुर्याउनु हुने सबै महानुभावहरु तथा निकायहरुमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद